संघीय संसद

राष्ट्रिय सभा

**बाह्रौं अधिवेशन**

**बैठक – ३०**

**सूचनापत्र -२**

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ५:१५ बजे*
*बैठक अन्त्य : ५:२४ बजे*

२०७९ असार १३, सोमबार (दोस्रो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **तिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न ५:१५** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री जनार्दन शर्मा**लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि **माननीय अर्थमन्त्री जनार्दन शर्मा**ले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "**आर्थिक विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव माथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा **"आर्थिक विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा कुनैपनि माननीय सदस्यले छलफलमा भाग लिनुभएन ।

तत्पश्चात् सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री जनार्दन शर्मा**ले पेश गर्नुभएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री जनार्दन शर्मा**लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"राष्ट्र ऋण उठाउने विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि **माननीय मन्त्रीले** प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"राष्ट्र ऋण उठाउने विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"राष्ट्र ऋण उठाउने विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव माथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा **"राष्ट्र ऋण उठाउने विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा कुनैपनि माननीय सदस्यले छलफलमा भाग लिनुभएन ।

त्यसपछि सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री जनार्दन शर्मा**ले पेश गर्नुभएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"राष्ट्र ऋण उठाउने विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री जनार्दन शर्मा**लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव

पेश गर्न समय उपलब्ध गराउनुभएपछि **माननीय मन्त्रीले** प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव माथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा **"ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा कुनैपनि माननीय सदस्यले छलफलमा भाग लिनुभएन ।

तत्पश्चात सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री जनार्दन शर्मा**ले पेश गर्नुभएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **आर्थिक विधेयक, २०७९, राष्ट्र ऋण उठाउने विधेयक, २०७९, "ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९** माथि सुझाव पेश गर्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम राष्ट्रिय सभा तर्फको विधेयक शाखामा सुझाव पेश गर्न सक्नुहुने बेहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल असार १७ गते शुक्रबार बिहान ११:००बजे** बस्ने गरी सो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव